नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक ब्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१


पत्र संख्या :- ०७३/०७४
चलानी नं.: ३९६०

मिति २०७४।१।२८

विषय : जानकारी सम्वन्धमा ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पूल्चोक।
श्री केन्द्रीय पञ्जिकरण विभाग, बबरमहल ।
श्री स्थानीय निकाय वित्तिय आयोगको सचिवालय, पूल्चोक।
श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै)
श्री महा/उपमहा/नगरपालिका/गाउँपालिका (सबै)
श्री आयोग/प्रतिष्ठान/समिति (सबै)

प्रस्तुत विषयमा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७,मिति २०७४।१।२५ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सबै निकायहरुमा एक रुपता कायम हुने गरी स्वीकृत दरवन्दी भित्र करारमा रहेका ब्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ वाट लागु हुने गरी देहायका सुविधा उपलबध गराउने निर्णय भएकाले जानकारीका लागि निर्देशानुसार अनुरोध छ ।

- कम्तीमा ६ महिना करार सेवा गरेका सालवसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाड पर्व खर्च उलिब्ध गराउने ।
- सार्वजनिक विदा बाहेक बार्षिक रुपमा संचित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा १ दिन विदा दिने ।
- कृया विदा बढीमा १५ दिन दिने ।
- सुत्केरी विदा अघिपछि गरी बढीमा ६० दिन प्रदान गर्ने ।
- सालवसाली रुपमा १ पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराउने ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ :-
श्री सूचना तथा विधुतीय शासन शाखाः *Website* मा राखिदिनु हुन।